## प्रस्ताव/निर्णयहरु:-

**प्रस्ताव नं. १-खोला ठेक्का सम्वन्धमा ।**

**निर्णय नं. १** यस गाउँपालिका अन्तर्गत रहेका नदि तथा खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन् का लागि बोलपत्र आव्हान गरि दोस्रो पटक सम्म सार्वजनिक सूचना जारी गर्दा समेत ठेक्का सकार हुन नसकेकाले विजयनगर गाउँपालिका वडा नं १ मा पर्ने विसवा खोलाबाट नदिजन्य पदार्थ उत्खनन् गर्ने प्रयोजनका लागि पून एक पटक कानुन बमोजिम ठेक्का आव्हान गर्ने यदि तेस्रो पटक सूचना गर्दा समेत ठेक्का सकार हुन नसकेमा आन्तरिक आम्दानीलाई समेत ध्यानमा राखि गाउँपालिका आफैले नियमानुसार अमानतमा खोला सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २- शैक्षिक अवलोकन भ्रमण सम्वन्धमा ।**

**निर्णय नं. २-** यस गाउँपालिकास्थित सामुदायिक तथा धार्मिक विद्यालयका प्रधानाध्यापकहरु बाट शैक्षिक सुधार र विकासका लागि नमूना काम गरिरहेका विद्यालयहरुको भ्रमण अवलोकन गरि यस गाउँपालिकाको शैक्षिक विकासलाई टेवा पुराउने उद्धेश्य राखि सात ७ दिने शैक्षिक भ्रमण अवलोकनको प्रस्ताव गरेकाले उक्त प्रस्ताव स्वीकृत गरि सोका लागि बार्षिक कार्यक्रममा स्वीकृत रकमबाट अपुग हुने रकम पूर्तिका लागि थप रु ३५०००० कार्यक्रम खर्च शीर्षक बाट भूक्तानी हुने गरि उपलव्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३- संभाव्यता अध्ययनका लागि परामर्श सेवा खरिद सम्वन्धमा ।**

**निर्णय नं. ३**-नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान मागका लागि यस गाउँपालिकाको शैक्षिक क्षेत्रको विकासका लागि गर्न सकिने सम्भावनाका क्षेत्र पहिचान गर्न विस्तृत संभाव्यता अध्ययन गर्नु पर्ने भएकाले सो का लागि आवश्यक बजेट गाउँपालिकाको बार्षिक योजनामा चालु परामर्श सेवा शीर्षकमा विनियोजन गरिएको बजेटबाट नियमानुसार परामर्श सेवा खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४- भन्सार छुटमा एम्वुलेन्स खरिद सम्वन्धमा ।**

**निर्णय नं. ४-** गत आ.व. ०७७/०७८ मा कोभिड नियन्त्रणका लागी एम्वुलेन्स खरीद गर्न स्थानीय पूर्वाधार विकास कार्यक्रम मार्फत गाउँपालिकालाई प्राप्त रु ११,९४,४५८/- रकम खर्च हुन नसकि आ.व. ०७८/०७९ का लागी अल्या भएकोमा यस आर्थिक वर्ष उक्त रकमबाट राजश्व छुटमा एम्वुलेन्स खरिदका लागी आवश्यक प्रकृया सुरु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५- निर्माण सम्वन्धमा ।**

**निर्णय नं. ५** – यस विजयनगर गाँउपालिका वडा नं. ५ मा रहेको खुरुहुरीया स्वास्थ्य चौकीको बाउण्डरी वाल हुलाकि सडकमा पर्न गई भत्तकेको हुदा सो भवनको बाउण्डरी र गेट निर्माण कार्य प्राविधिक लागत अनुगमनका आधारमा उक्त कार्य कार्यालय बाट नियमानुसार निर्माण कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६- भुक्तानी सम्वन्धमा ।**

**निर्णय नं. ६** – टेलिभिजन उपकरण खरिद भनी विनियोजन भएको रु २ लाख शुत्र प्रणालीमा प्रविष्ट गर्दा मेशिनरी तथा औजार खरिद शीर्षकमा प्रविष्ट हुन गएकाले योजना कितावको गाउँपालिका तर्फ सि.नं. ७९ खर्च शीर्षक ३११२२ मेशिनरी तथा औजार शीर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सव्वीर मोहम्मद मिया | विजयनगर-३, पत्थरदेइया | औषधोपचार | रु. १०,०००।- ( दस हजार मात्र) | विपन्न नागरिक उद्धार, उपचार, राहत तथा आर्थिक सहायता सहयोग कार्यक्रम | |
| २ | कृष्ण कुमार हरिजन | वियनगर-३, पत्थरदेइया | | रु. १०,०००।- ( दश हजार मात्र) | | |
| ३ | त्रिकला यूवा क्लव | विजयनगर-५, वघमरवा | अवलोकन भ्रमण | रु. २१,०००।- ( एकाईस हजार मात्र) | मागमा आधारित साना पुर्वाधार कार्यक्रम | |
| ४ | दुधधारी माध्यमिक विद्यालय | विजयनगर-१, गुगौलि | | रु. ३०,०००।- (तीस हजार मात्र) | | |
| ५ | नेपाल तारा माध्यमिक विद्यालय | विजयनगर-२ मगरघट्टा | | रु. ३०,०००।- ( तीस हजार मात्र) | | |
| ६ | लक्ष्मी पुजा समिति | विजयनगर २ ईमिलडिहवा | लक्ष्मी पुजा | रु १०,०००/- ( दश हजार मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृतिक संरक्षण | |
| ७ | राम विवाह मेला | विजयनगर २ वगहिया | राममेला | रु ४०,०००/- ( चालिस हजार मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृतिक संरक्षण | |